**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ जेठ ६ गते**

प्रदेश १ मा जेठ ६ गते १६ जना कोरोना सङ्क्रमण पुष्टी भएको छ । धनकुटामा पाँच जना, झापाको केचनाकवलका नौ जना, सुनसरीको इटहरी उपमहानगरपालिकाका एक जना र मोरङको पथरीशनिश्चरेका एक जनामा सङ्क्रमण पुष्टि भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । जेठ ६ गते १६ जना थपिएसँगै प्रदेश १ मा सङ्क्रमितको सङ्ख्या ५९ पुगेको छ । प्रदेश १ मा सात जिल्लामा कोरोना सङ्क्रमित देखिएका छन् । उदयपुरमा ३३ जना, झापामा १२ जना , मोरङमा चार जना, सुनसरीमा दुई, खोटाङमा एक जना, धनकुटामा ६ जना र भोजपुरमा एक जना सङ्क्रमित देखिएका हुन् । सङ्क्रमितमध्ये १८ जना डिस्चार्ज भएका छन् । डिस्चार्ज हुनेमा उदयपुरका १५ जना, झापाका दुई जना र भोजपुरका एक जना छन् । डिस्चार्ज भएका सात जना भारतीय नागरिक हुन् । उनीहरूलाई उदयपुरमा सङ्क्रमण देखिएको थियो ।

प्रदेश १ मा जेठ ६ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद ३ हजार ३ सय ३२ जनाको स्वाब परीक्षण भएको छ । शङ्कास्पद ९ सय ३८ जना महिला र २ हजार ३ सय ९४ जना पुरूषको स्वाब परीक्षण गरिएको हो । प्रदेश १ मा स्वाब परीक्षण गरिएकामध्ये आठ जना महिला र ४६ जना पुरूष गरी ५४ जनामा कोरोना पोजेटिभ रिपोर्ट आएको छ । स्वाब सङ्कलन गरिएकामध्ये ८ सय ३६ जना महिला र २ हजार २ सय ४६ जना पुरूष गरी ३ हजार ८२ जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वाब सङ्कलन गरिएकामध्ये १ सय ९६ जनाको रिपोर्ट आउन बाँकी छ । प्रदेश १ मा जेठ ६ गते १ सय ७१ जनाको स्वाब सङ्कलन गरिएको छ । प्रदेश १ मा ९ हजार ६ सय ६२ जनाको आरडीटी परीक्षण गरिएको छ । आरडीटी परीक्षण गरिएकामध्ये २५ जनाको रिपोर्ट पोजेटिभ आएको छ । आरडीटी गरिएका १ हजार ८ सय ७४ जना महिला र ७ हजार ७ सय २३ जना पुरूष गरी ९ हजार ५ सय ९७ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा ६ हजार १ सय ७० वेड क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । जेठ ६ गते ९१ ओटा वेड थप गरिएको छ । क्वारेन्टाइनमा १ हजार ५२ जना रहेका छन् । होमक्वारेन्टाइनमा ८ हजार ५ सय ६० जना छन् ।

कोशी अस्पताल कोभिड -१९ उपचार केन्द्रका लागि लुथरन विश्व फेडेरेसन (एलडब्ल्युएफ)ले जेठ ६ गते सात लाख रुपियाँ बढीको स्वास्थ्य उपकरण प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ । लुथरनले सात लाख १९ हजार रुपियाँ बढीको सामाग्री प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई लुथरनका कार्यक्रम व्यवस्थापक यज्ञ गौतम लगायतले हस्तान्तरण गर्नुभएको थियो । हस्तान्तरण गरिएको सामाग्रीहरूमा एक्सरे मसिन एक थान, इलेक्ट्रिक सक्सन मसिन दुई थान, अक्सिजन बनाउने मसिन एक थान, व्यक्तिगत सुरक्षा उपकरण(पीपीइ) सेट ३० थान, आईआर थर्मोमिटर चार थान, एन९५ मास्क १ सय २० थान र सर्जिकल मास्क ५ सय थान रहेका छन् । स्वास्थ्य उपकरणहरू ग्रहण गर्दै सामाजिक विकास मन्त्री जीवन घिमिरेले प्रदेश १ मा सङ्क्रमण बढ्दै गएकाले भोलिका दिनहरूलाई कसरी सुरक्षित गर्ने भन्नेमा प्रदेश सरकार लागि परेको बताउनुभयो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार  जिल्लामा जेठ ६ गतेसम्म ५ सय १४ जनाको स्वाब सङ्कलन गरिएको छ । स्वाब सङ्कलन गरिएका मध्ये चार जनाको रिपोर्ट पोजेटिभ आएको छ । ५ सय १० जनाको रिपोर्ट नेगेटिभ आएको छ । दुई जनाको रिपोर्ट आउन बाँकी  छ । मोरङमा १ हजार ६ सय ५ जनाको आरडीटी परीक्षण गरिएको छ । परीक्षण गरिएका दुई जनाको रिपोर्ट पोजेटिभ आएको थियो । मोरङमा जेठ ६ गतेसम्म ३ सय ११ जना क्वारेन्टाइनमा रहेका छन् । क्वारेन्टाइनमा २

सय ६५ जना पुरूष र ४६ जना महिला रहेका छन् । क्वारेन्टाइनमा रहेका २ सय २२ जना डिस्चार्ज भएका छन् ।
विराटनगर महानगरपालिकाले विराटनगर बाहिरका व्यक्ति कसैको घर/टोलमा आए सम्बन्धित वडाध्यक्षलाई खवर गर्न विराटनगर महानगरपालिकाले अनुरोध गरेको छ । कोरोना भाइरसको सङ्क्रमणको अवस्थालाई मध्यनजर गर्दै महानगरपालिकाले टोलमा गठित एक्सन टिम र वडाध्यक्षलाई खवर गर्न अनुरोध गरेको हो । जेठ ६ गते सूचना प्रकाशित गरी महानगरपालिकाले बाहिरबाट आउने व्यक्तिको कोरोना भाइरस परीक्षण गराएर मात्र घरमा प्रवेश गर्न दिन अनुरोध गरेको छ ।
कोरोना भाइरसको जोखिम न्यूनीकरणका लागि जानकी पोलिट्याङ्कको सहयोगमा विराटनगर महानगरपालिका-१० मा अवस्थित पसलका सटर र घरका प्रवेशद्वारहरुमा सोडियम हाइपोक्लोराइड छर्किएको छ । विराटनगर-१० स्थित एकुवा पार्कदेखि प्रतिभा चौकसम्मका पसलका सटर र घरका प्रवेशद्वारहरुमा सोडियम  हाइपोक्लोराइड छर्किएको हो । पहिलो चरणमा १ सय ४५ घरको प्रवेशद्वार र ६५ ओटा पसलका सटर गरी २ सय १० ठाउँमा क्लोराइड छर्किएको जानकी पोलिट्याङ्कका सन्तोष चौधरीले जानकारी दिनुभयो ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार जेठ ४ गते हलेसी तुवाचुङ नगरपालिका-७ का २० वर्षीय युवकमा कोरोना सङ्क्रमण पुष्टी भएपछि जेठ ५ गतेदेखि
हलेसी तुवाचुङ नगरपालिका अनिश्चितकालका लागि शिल गरिएको छ । काठमाडौंबाट वैशाख-१२ गते उद्दार गरेर ल्याइएका वडा-७ महादेवस्थानका २० वर्षीय युवकमा कोरोना भाइरसको सङ्क्रमण भएको पुष्टिपछि नगरपालिकालाई अनिश्चितकालीन बन्द गरिएको हो ।
नगरपालिका प्रवेश गर्न र नगरपालिकाबाट बाहिरिन पूर्णरूपमा रोक लगाइएको नगरप्रमुख इवन राईले बताउनुभयो । "युवकमा देखिएको कोरोना भाइरसको सङ्क्रमण अन्य व्यक्तिमा फैलिन नदिन हलेसी बजारलाई समेत पूर्णरूपमा सिल गरिएको छ", नगरप्रमुख राईले भन्नुभयो । सङ्क्रमण पुष्टी भएका युवक आउको बसमा यात्रा गरेका ५१ जना व्यक्ति, उनको संसर्गमा बसिसकेका व्यक्ति लगायत गरी ५० जनाको पीसीआर टेष्टका लागि स्वाब सङ्कलन गरेर पठाउने तयारी भइरहेको नगरपालिकाका स्वास्थ्य शाखा सह-संयोजक प्रकाश घिमिरेले बताउनुभयो ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार जिल्लामा जेठ ६ गते थप नौ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार सङ्क्रमित नौ जना नै केचनकवल गाउँपालिकाका हुन् । जेठ ५ गते केचनकवलकै एक व्यक्तिमा कोरोना सङ्क्रमण पुष्टी भएको थियो । झापामा सङ्क्रमितको सङ्ख्या १२ पुगेको छ । सङ्क्रमितमध्ये वैशाख २८ गते ४० वर्षीय एक पुरूष र जेठ ५ गते ६२ वर्षीय एक पुरूष उपचारपछि घर फर्किएका छन् ।
झापाको दक्षिणतर्फको बिहार राज्यसँग सीमा जोडिएको क्षेत्रमा अलपत्र ३५ जना नोपलीको उद्दार गरिएको झापा गाउँपालिका अध्यक्ष जयनारायण साहले जानकारी दिनुभयो । उनीहरूलाई भारतको किसनगञ्जबाट बसमा ल्याएर जेठ ५ गतेसाँझ सीमामा छाडिएको अध्यक्ष साहले बताउनुभयो । भारतका विभिन्न क्षेत्रमा रोजगारीमा गएका नेपाली रेलको माध्यमद्वारा किसनगञ्जसम्म आएका थिए ।
हङकङ निवासी प्रवासी नेपाली अस्मिता योङहाङ लिङदेनले हर्कबहादुर फ्याक मार्फत मेचीनगर-६ स्थित काँकरभिट्टाका अति विपन्न २६ घर परिवारलाई चामल वितरण गर्नु भएको । प्रत्येक परिवारलाई २५ केजीका दरले एक-एक बोरा चामलको वितरण गरिएका हर्कबहादुर फ्याकले जानकारी दिनुभयो ।

अर्जुनधारा नगरपालिकाले खाद्यान्न,सागसब्जी तथा निर्माण सामाग्रीका बिक्री वितरणका लागि पसलहरू बिहान ७ बजेबाट ११ बजेसम्म सञ्चालन गर्ने निर्णय गरेको छ ।
कचनकवल गाउँपालिकाका भारतीय सीमा क्षेत्रसँग जोडिएका पाँच ओटा वडालाई कोरोना नियन्त्रण तथा जिल्ला सुरक्षा समितिले शिल गरेको छ । सीमासँग जोडिएका १, २, ३, ४ र ५ नं. वडामा शिल गरिएको हो । गाँउपालिकामा कोरोना सङ्क्रमित फेला परेपछि जेठ ६ गते बसेको कोरोना नियन्त्रण तथा जिल्ला सुरक्षा समितिको बैठकले सो निर्णय गरेको हो ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार जिल्लामा स्वाबको नमूना सङ्कलन गर्ने जनशक्ति भएपनि परीक्षणका लागि चाहिने भीटीएम अभाव हुँदा स्वाब सङ्कलन कार्य स्थगन भएको छ । त्रियुगा नगरपालिका -३ भुल्के र आसपासका क्षेत्र भीटीएम अभावकै कारण परीक्षण कार्य सुस्त भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख मोहनप्रसाद सुबेदीले बताउनुभयो । उहाँका अनुसार स्वास्थ्य कार्यालयमा एक थान मात्र भीटीएम रहेको छ ।
उहाँले भन्नुभयो, 'जेठ ३ गतेदेखि भीटीएम सकिएको माथिल्लो निकायलाई जानकारी गराइएको छ, आउने आश्वसन पाएका छौ तर आईसकेको छैन् । सङ्क्रमित पत्रकारको कन्ट्रायक्सेसनका आधारमा जेठ ३ गते ३८ जनाको नमूना सङ्कलन गर्दा एक थान बाँकी रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले पठाएको पाँच थान भीटीएम उतैबाट आउँदा ड्यामेज (काम नलाग्ने) भएको प्रमुख सुवेदीले बताउनुभयो । भुल्के क्षेत्रमा ३२ र त्रियुगा नगरापालिका- ११ गाईघाटमा एक गरी ३३ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ । परीक्षणले तीव्रता नपाउँदा जोखिम बढेको भन्दै स्थानीय चिन्तित छन् । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जेठ ६ गतेसम्म ५ सय ५२ जना महिला र ९ सय ८९ पुरूष गरी एक हजार ५ सय ४१ जनाको पीसीआर परीक्षण गरिएको छ । त्यसमध्ये ३३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या दुई पुगेको छ । जेठ ६ गते इटहरी उपमहानगरपालिका-२ का १८ वर्षीय युवकमा कोराना सङ्क्रमण पुष्टी भएको छ । जेठ ५ गते गढीगाउँपालिका २८ वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टी भएको थियो । सङ्क्रमितद्वयको स्वाब परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान(घोपा)मा गरिएको प्रदेश १,सामाजिक विकास मन्त्रालयले जनाएको छ । इटहरी उपमहानगरपालिका-२ र ३ लाई जेठ ६ गते शिल गरिएको छ । इटहरी उपमहानगरपालिकामा बसेको सुरक्षा संयन्त्र सहितको बैठकले वडा २ र ३ लाई शिल गर्ने निर्णय गरेको हो । संयन्त्रले उपमहानगर क्षेत्रभित्रका पसलहरू समेत ५ दिन बन्द गर्ने निर्णय गरेको छ । जेठ ६ गते इटहरी उपमहानगरपालिका- २ का १८ वर्षीय युवकमा कोरोना पुष्टी भएपछि दुई ओटा वडालाई शिल गरिएको नगर प्रमुख द्बारिकलाल चौधरीले बताउनुभयो ।
भोक्राहा नरसिंह गाउँपालिका -८ उल्टीको क्वारेन्टाइनमा नौ जनालाई राखिएको छ । भारतको विभिन्न ठाउँबाट काम गरेर फर्किएकाहरूलाई भोक्राहा नरसिंह गाउँपालिका-८ को जामिया जियाउल उलुम मदर्साको क्वारेन्टाइनमा राखिएको छ । १५ बेड क्षमताको क्वारेन्टाइनमा जेठ ५ गतेदेखी नौ जनालाई राखिएको छ । क्वारेन्टाइनमा राखिएका नौ जना भारतबाट नेपाल आएका हुन् । क्वारेन्टाइनमा रहेको सबै जनाको पीसीआर परीक्षणका लागि स्वाब पठाइएको र रिपोर्ट जेठ ७ गते आउने वडाध्यक्ष हातिम मियाँले जानकारी दिनुभयो ।

सुनसरीका २० जना पत्रकारको थ्रोट स्वाब सङ्कलन गरिएको छ । सदमुकाम इनरूवासहित इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिका कार्य क्षेत्र बनाएर कार्यरत २० जना पत्रकारको स्वाब सङ्कलन गरिएको हो । २० जना पत्रकारको स्वाब सङ्कलन गरिएको नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष अमर खड्काले बताउनुभयो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार जेठ ६ गते एक सय जनाको पीसीआर परीक्षणका लागि स्वाब सङ्कलन गरिएको छ । १ सय ३३ जनाको आरडीटी परिक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । क्वारेन्टाइनमा १२ जना महिला र ३८ जना पुरूष गरी ५० जनालाई राखिएको छ । जिल्ला अस्पतालले अग्रभागमा काम गर्नेहरूको स्वास्थ्य परीक्षण गरेको छ । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकार तथा मानव अधिकारकर्मीहरूको आरडीटी गरिएको र पीसीआरका लागि नमूना स्वाब सङ्कलन गरिएको जिल्ला अस्पतालका सूचना अधिकारी नारायण जोशीले बताउनुभयो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा ६७ जनाको स्वाब सङ्कलन गरिएको छ । जेठ ६ गते पत्रकार, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, कर्मचारी लगायतको स्वाब सङ्कलन गरेर परीक्षणको लागि पठाइएको छ । ६७ जनाको स्वाब सङ्कलन गरी परीक्षणको लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले बताउनुभयो । जिल्लामा जेठ ६ गतेसम्म ६ सय ३८ जनाको आरडीटी, ९२ जनाको स्वाब सङ्कलन गरिएकोमा २५ जनाको रिपोर्ट आएको छ । ६७ जनाको रिपोर्ट आउन बाँकी छ । जिल्लामा ५ सय २५ क्वारेन्टिन, १३ ओटा आईसोलेशन वार्ड निर्माण गरिएको छ । ९६ जना क्वारेन्टाईनमा र १ सय ६३ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार इलाममा जेठ ६ गते पोलिमर चेन्ज रियाक्सन (पीसीआर) परीक्षण थालिएको छ । जेठ ६ गते इलाम अस्पतालका ११ जना स्वास्थ्यकर्मी र इलाम नगरपालिकाका अन्य दुई जनाको स्वाब नमूना लिइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

सङ्घीय सरकारले १ सय र प्रदेश सरकारले २० भाइरल ट्रान्सपोर्ट मिडिया (भिटिएम) किट इलाममा पठाएपछि पीसीआर परीक्षण सुरू गरिएको जिल्ला स्वास्थ्य कार्यालयका विमल बरालले बताउनुभयो । यसअघि इलाममा ६ सय १६ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) र नौ जनाको पीसीआर परीक्षण गरिएकामा सबैको नतिजा नेगेटिभ आएको छ ।

सूर्योदय नगरपालिकाको फिक्कल खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले पत्रकारहरूलाई माक्ससहितका सुरक्षा सामग्री वितरण गरेको छ । सूर्योदय नगरमा कार्यरत पत्रकारलाई १६ ओटा एन-९५ माक्स, सेनिटाइजर तथा पञ्जा वितरण प्रदान गरिएको हो । माङसेबुङ गाउँपालिकाले कोभिड-१९ को जोखिम बढेको भन्दै प्रशासनिक सेवा बन्द गरेको छ । जेठ ६ गते सूचना जारी गर्दै गाउँपालिकाले सेवा बन्दको जानकारी गराएको हो ।

जिल्लाका संस्थागत क्वारेन्टाइनमा तीन जना महिलासहित ३० जना र होम क्वारेन्टाइनमा १ सय ७९ जना महिलासहित १ हजार १२ जनालाई राखिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । कार्यालयका अनुसार असहाय र असङ्गठित क्षेत्रका मजदूर गरी १० हजार ३ सय २५ जनालाई राहत वितरण गरिएको छ ।

**इन्सेक धनकुटा प्रतिनिधि ईश्वर थापा**का अनुसार जेठ ६ गते जिल्ला अस्पताल धनकुटाका पाँच जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । एक जना प्रहरीसहित एक जना नर्स र उनका पति र दुई जना स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टी भएको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (घोपा) ले जनाएको छ । धनुकटामा कोरोना सङ्क्रमितको सङ्ख्या ६ पुगेको छ । यसअघि एक जना नर्समा कोरोना सङ्क्रमण पुष्टी भएको थियो । धनकुटामा ६० जनालाई क्वारेन्टाइनमा राखिएको छ । जसमा २६ जना महिला र ३४ जना पुरूष छन् । ३ सय ९३ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । जसमा १ सय ४३ जना महिला र २ सय ५० जना पुरूष छन् । क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेका कुनैमा पनि समस्या नदेखिएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जयराम श्रेष्ठले जानकारी दिनुभयो । क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेकालाई १४ दिन पुगेपछि क्रमश छोडिने गरेको श्रेष्ठले बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ धनकुटाले पत्रकार कल्याण कोषबाट २६ जना पत्रकारलाई आर्थिक सहयोग गरेको छ । पत्रकार महसङ्घ धनकुटाका उपाध्यक्ष नगेन्द्र राईको संयोजकत्वमा भएको आर्थिक सहयोग अभियानले समस्यामा परेका धनकुटाका २६ जना श्रमजीवी पत्रकारलाई पहिलो चरणमा आर्थिक सहयोग वितरण गरेको हो । पत्रकार महासङ्घ धनकुटाले ०६७ मा स्थापना गरेको पत्रकार कल्याण कोषबाट सहयोग गरिएको हो ।

निर्माण व्यवसायी सङ्घ धनकुटाले धनकुटा नगरपालिकालाई आर्थिक सहयोग गरेको छ । सङ्घले ५१ हजार रुपियाँ सहयोग गरेको सङ्घका अध्यक्ष अर्जुन केसीले जानकारी दिनुभयो । दैनिक जीवनयापन गर्न समस्या भएका धनकुटा नगरपालिकाका नागरिकलाई सहयोग गर्न निर्माण व्यवसयी धनकुटाका उपाध्यक्ष तथा सुदिक्षा थुलुङ्ग कन्ट्रक्सनका प्रोप्राईटर प्रकाश थुलुङ्गले ७ सय ५० केजी चामल, निर्माण व्यवसायीहरु विजय थापाले ६ सय ५० केजी चामल र अजित राईले ६ सय २५ केजी चामल धनकुटा नगरपालिकालाई सहयोग गर्नुभएको छ । यस्तै जीवन विकास वित्तिय संस्थाले ३५ हजार रुपैयाँ, वितरक संघ हिलेले ५१ हजार रुपैयाँ र भिुगु नेवा समाज हिलेले ५ हजार रुपैयाँ रकम धनकुटा नगरपालिकालाई सहयोग गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर थापाले जानकारी दिनुभयो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**